**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# औषधि व्यवस्था विभागको

## अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०७६।०८।३०**

यस विभागबाट नियमित रुपमा औषधि पसलहरुको निरीक्षण अनुगमन गर्ने क्रममा विभागमा दर्ता नभएका औषधि पसल, व्यवसायी अनुपस्थित हुने, लागू तथा मनोद्विपक औषधिको रेकर्ड नराख्ने, उचित तापक्रममा भ्याक्सिन सञ्चय नगर्ने, म्याद नाघेका औषधि सञ्चय गर्ने तथा Physician Sample सञ्चय गर्ने, औषधिहरु आधिकारिक बिक्रेता मार्फत खरिद नगरिएको लगायतका कैफियतहरु अधिक रुपमा पाईएका छन । कतिपय आयातकर्ता तथा अस्पतालहरुले नेपाल सरकारले अधिकतम खुद्रा मूल्य निर्धारण गरिएका सुईजन्य औषधिहरु पुरानै मूल्यमा आयात गरी बिक्रि वितरण गरिरहेको, औषधि पसल तथा अस्पताल फार्मेसीमा नेपाल फार्मेसी परिषदमा दर्ता भएका फर्मासिष्ट, फार्मेसी सहायक तथा मान्यता प्राप्त व्यवसायीहरुले औषधि बिक्रि वितरण गर्ने नगरेको, जनसाधारणलाई मर्का पर्नेगरी सर्जिकल सामाग्रीहरुमा अत्याधिक मूल्य राखि बिक्रि वितरण गर्ने गरेको र ति सामाग्रीहरुको अस्पताल पिच्छे मूल्य फरक हुने गरेको गुनासा समेत विभागमा प्राप्त भएका छन । उल्लेखित कैफियतहरु नगर्न/नगराउनु हुनका साथै औषधिको प्रयोग, सञ्चय, परामर्श (Counseling) तथा बिक्रि वितरण गर्ने कार्यमा नेपाल फार्मेसी परिषदमा दर्ता भएका फर्मासिष्ट, फार्मेसी सहायक तथा मान्यता प्राप्त व्यवसायीहरुको उपस्थितिमा मात्र गर्नु/गराउनु हुन तथा औषधि खरिद /बिक्रि बिल विजक बिना नगर्नु/नगराउनु समेत सूचित गरिन्छ, अन्यथा औषधि ऐन २०३५ अनुसार कारवाही गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।